हरेक कोण, सकारात्मक दृष्टिकोण

# दृष्टिकोण
दैनिक

वर्ष-०१, अङ्क ०१ ,२०७८ साल वैशाख २० गते सोमबार (Dristikon Daily 03 - May. 2021) मूल्य रु.७- पृष्ठ ४

....पृष्ठ २ नेपाल पत्रकार महासंघ दार्चुला शाखाको ईतिहास....पृष्ठ ३ शुभकामनाहरु

# प्रकाशकीय........

विश्व जगतमा बहस र छलफलको विषय बनेको प्रेस स्वतन्ताको पक्षमा उभिएका सम्पुर्ण योद्धाहरुमा सर्वप्रथम सम्मान छ। प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताले नै लोकतन्त्रलाई बलियो बनाउँदछ । सन् १९९३ मे ३ मा नामिबियाको विण्डहकमा बरिष्ठ पत्रकार पत्रकारिताका प्राध्यापकहरु र स्वतन्त्रताका पक्षधरहरुको सम्मेलनबाट स्वतन्त्रताको पक्षमा घोषणापत्र जारी गरेको दिनको सम्झनामा विश्व प्रेस स्वतन्त्रता दिवस मनाइन थालेको हो ।

विण्डहकको घोषणा पत्रलाई सयुक्त राष्ट्संघको सभाले पारित गरेपछि युनेष्कोको आह्वानमा आजका दिन अर्थात प्रत्येक बर्ष मे तीन तारिकमा विश्व प्रेस स्वतन्त्रता दिवस मनाईने गरेको छ। यस बर्षको नारा 'सार्वजनिक सम्पत्तीको रुपमा सूचना' भन्ने रहेको छ।

विश्व प्रेस स्वतन्त्रताको अवस्थाका बारेमा विश्वभर विभिन्न अन्तरक्रियागरी दिवस मनाउनु एक पाटो भएपनि प्रेस स्वतन्त्रतालाई कायम राखिराख्नु अहिलेको मुख्य चुनौती रहेको छ। विश्वमा भईरहेको विभिन्न हिंसात्मक गतिविधिहरुले प्रेसको अवस्था र स्वतन्त्रतालाई चुनौती दिईरहेको छ । खासगरी म्यानमार, सिरिया, फिलिपिन्स, पाकिस्तान जस्ता मुलुकहरुमा भईरहेको प्रेस स्वतन्त्रता तथा अभिव्यक्ति स्वतन्त्रताको हननको बारेमा सबै विश्व जगत चिन्तित बनीरहेको छ ।

अहिलेको मुख्य चुनौतीको रुपमा रहेको कोभिड-१९ को महामारीका कारण सारा विश्व जगत आक्रान्त र काकाकुल बनेको छ। यसबाट प्रत्यक्ष मारमा प्रेस जगत पनि रहेको छ । खास गरी सूचना संकलनका क्रममा अग्रपङ्क्तिमा रहेर काम गर्दा महामारीको जोखिम एकतिर रहेको छ भने सहि सूचना प्राप्त गरी सम्प्रेषण गर्नु अर्कोक चुनौती सञ्चार क्षेत्रमा रहेको छ ।

नेपाली प्रेस क्षेत्रको कुरा गर्दा नेपालको संविधान २०७२ ले संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता सहितको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार दिएपनि संविधान प्रदत्त अधिकारलाई कार्यान्वयन र पालना गर्न सकिएको छैन् । अझै पनि राज्यसत्ताबाट कतिपय पत्रकार तथा सञ्चार जगत पीडित र अपहेलित भएको घटनाहरु छन् ।

अहिले नेपाल संघिय लोकतन्त्रिक गणतन्त्रमा राज्यसत्ता र शासनसत्ताको अभ्यास गरिरहेको छ। यो बेलामा विभिन्न राज्यहरुमा प्रेससँग सम्बन्धित विभिन्न कानुनहरु पारित भईरहेका छन्। जुन नेपालको संविधानको मुल मर्म विपरि त रहेका छन्। यसबाहेक जसले जहाँ र जहिले पनि प्रेस स्वतन्त्रतामाथि हमला गर्न सक्ने स्थितिको राज्यव्यवस्थामा रहेको नेपाली प्रेस जगतको बारेमा पनि सोच्नु पर्ने बेला आएको छ ।

नेपालमा रहेको मुलधारका मिडिया तथा प्रेस जगतले केही मात्रामा प्रेस स्वतन्त्रताको अनुभूति गर्न पाएको महशुस गरेपनि खास गरी दुर दारज र दुर्गम क्षेत्रमा सञ्चालनमा रहेका प्रेसक्षेत्रको पीडा छुट्टै किसिमको रहेको छ ।

मूलधारका मिडिया भन्दा मोफसलमा सञ्चालनमा रहेका वैकल्पीक सञ्चार माध्यम र ती माध्यमहरुमा कार्यरत सञ्चारकर्मी पत्रकारहरुको अवस्थाको बारेमा पनि अब बोल्नु पर्ने अवस्था आएको छ। दुरदराज र ग्रामिण क्षेत्रमा बसेर प्रेस स्वतन्त्रताको कुरा गर्नु र प्रेस क्षेत्रमा लागेर जनजिविकाको आधारभुत आवस्यकता समेत पूरा गर्न नसकिने अवस्थाको अन्त्य गर्नु पर्छ ।

विश्व प्रेस स्वतन्त्रता दिवसको यस बर्षको नारा 'सार्वजनिक सम्पत्तीको रुपमा सूचना' भन्ने रहेको छ। र यस नारालाई सार्थक बनाउन सबै बरिष्ट पत्रकार, यो पेशासँग सम्बन्धित

*बाँकी पृष्ठ ०२ मा..........*

## हार्दिक शुभकामना

*नयाँ बर्ष २०७८ सालको पावन अवसरमा बैशाख २० गते, तदनुसार ३ मे २०२१ मा परेको विश्व प्रेस स्वतन्त्रता दिवसको उपलक्ष्यमा दृष्टिकोण दैनिक नामक पत्रिका प्रकाशन गर्न लागेकोमा फेवरेट मिडिया परिवार तथा पत्रिका सञ्चालक टिमलाई कार्य सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को संक्रमणबाट बच्न सबैले स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरौं, आफु पनि बचौं अरुलाई पनि बचाऔं ।*

**गणेश सिह ठगुन्ना**
**माननीय मन्त्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**नेपाल सरकार सिंहदरबार काठमाडौं ।**

## हार्दिक शुभकामना

*नयाँ बर्ष २०७८ सालको पावन अवसरमा बैशाख २० गते, तदनुसार ३ मे २०२१ मा परेको विश्व प्रेस स्वतन्त्रता दिवसको उपलक्ष्यमा दृष्टिकोण दैनिक नामक पत्रिका प्रकाशन गर्न लागेकोमा फेवरेट मिडिया परिवार तथा पत्रिका सञ्चालक टिमलाई कार्य सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को संक्रमणबाट बच्न सबैले स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरौं, आफु पनि बचौं अरुलाई पनि बचाऔं।*

**सिद्धराज जोशी**
**प्रमुख जिल्ला अधिकारी एवं**
**जिल्ला प्रशासन कार्यालय दार्चुला ।**

## हार्दिक शुभकामना

*नयाँ बर्ष २०७८ सालको पावन अवसरमा बैशाख २० गते, तदनुसार ३ मे २०२१ मा परेको विश्व प्रेस स्वतन्त्रता दिवसको उपलक्ष्यमा दृष्टिकोण दैनिक नामक पत्रिका प्रकाशन गर्न लागेकोमा फेवरेट मिडिया परिवार तथा पत्रिका सञ्चालक टिमलाई कार्य सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को संक्रमणबाट बच्न सबैले स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरौं, आफु पनि बचौं अरुलाई पनि बचाऔं।*

**दिलेन्द्र प्रसाद बडु**
**माननीय प्रतिनिधी सभा सदस्य**